


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रोगको समयमा उपचार गर्नु पर्दछ। उपचारका लागि धामी झाक्रीकहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २६ गते बुधबार ❑ 10 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेशमा विना ब्याजमा ऋण माग्ने ४ हजार १ सय ५९ को आवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

कोरोनाबाट प्रभावित भएका गण्डकी प्रदेशमा ४ हजार १ सय ५९ वटा विभिन्न व्यवसायीक संघ संस्थाहरुले विना ब्याजमा ऋण माग्न गरेका छन् । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको एक अर्बको व्यवसायी जीवन रक्षा कोषबाट प्रदान गरिने विना ब्याजमा ऋण माग गर्न १८ वटा बाणिज्य बैंक मार्फत आवेदन दिएका हुन् ।

कुन जिल्लामा कति र कुन क्षेत्रमा कति विना ब्याजमा ऋण माग्नको सङ्ख्या रहेको त्यसको विवरण भने अझै बैंकहरुले राष्ट्र बैंक तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई उपलब्ध नगराएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका सहायक निर्देशक ऋषिराम ढकालले बताए । करिब ५ अर्बको ऋण (कर्जा) माग भएको प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका शाखा अधिकृत सिला बराललले बताइन्। उत्त कार्यक्रम लागु गर्ने क्रममा रहेको उल्लेख गर्दै बराललले राष्ट्र बैंकबाट स्विकृत भएसंगै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको बैठकले अन्तिम निर्णय गरेसंगै छनौट भएका बाणिज्य बैंकहरुले ऋण प्रवाह गर्ने भएको दाबी गरिन् ।

३ वर्षभित्र व्यवसायीले सम्बन्धित बैंकलाई सावा तिर्नु पर्छ । गण्डकी प्रदेशभित्र भएका १८ वाणिज्य बैंकका ४ सय ८० शाखामध्ये जुनसुकैमा पनि निवेदन दिन सकिने राष्ट्र बैंक पोखराले जनाएको थियो । ऋण लिएको सुरुको ६ महिना भने व्यवसायीले किस्ता भुक्तानी गर्नु पर्दैन ।

प्रदेश सरकारले कोरोनाको मारमा परेका साना तथा मझौला व्यवसायीलाई लक्षित गरी ५० लाख पूंजि भएकाहरुको लागि मात्र उत्त राहत उपलब्ध गराएको गण्डकी प्रदेशको निती तथा योजना आयोगका उपाध्यक्ष डा.गिरीधारी शर्माले बताए । प्रदेश सरकारले राष्ट्र बैंकको नाममा खाता खोलेर सम्बन्धित बैंकहरुलाई आवश्यक कर्जाको व्याज रकम उपलब्ध गराउने भएको उनले जनाए । बैंकहरुले अब जति सक्दो छिटो कर्जा उपलब्ध गराउन आफुहरुले आग्रह गरेको उपाध्यक्ष डा. शर्माले बताए । विना व्याजमा कर्जा उपलब्ध गराउने अब जिम्मा बैंकहरुलाई नैं दिएकोले बैंकहरुले उचित ढंगले उत्त राहत उपलब्ध गराउन उनले आग्रह गरे ।

गण्डकी प्रदेशमा करिब एक लाख जसो साना ठुला व्यवसायीहरु भएको उपाध्यक्ष डा. शर्माले दाबी गरे । उनका अनुसार प्रदेशमा फेन्सि र खाद्य सामाग्रिका पसलहरु ६० प्रतिशत जसो रहेका छन भने होटल रेष्टुरेण्ट ८ हजार, सेवा क्षेत्र ५ हजार बाँकी अन्य व्यवसाय रहेको छ । हाल विना व्याजमा कर्जा माग्नेहरु फेन्सि र खाद्य सामाग्रिका पसलहरु बाहेक करिब २० देखि २५ प्रतिशत जसो मात्र रहेको उपाध्यक्ष डा. शर्माले दाबी गरे । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षके बजेटमा १ अर्ब रुपैयाँको व्यवसाय जीवन रक्षा कोषको व्यवस्था गरेको छ भने आगामी बजेटमा समेत थप रकम उपलब्ध गराउनु पर्ने उनले जनाए । प्रदेश सरकारले उत्त कोष संचालनको लागि कार्यविधि तयार भएसँगै राष्ट्र बैंक पोखरा शाखासँग सम्झौता समेत गरेको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सचिव इन्दु घिमिरे र राष्ट्र बैंक पोखराका प्रमुख ईश्वरीप्रसाद भट्टराईले सम्झौतामा हस्ताक्षर गरेका थिए । उत्त कोषबाट उपहारका सामान बनाउने व्यवसाय, हस्तकला, चित्रकला, ट्राभल, ट्रेकिङ एजेन्सी, साना होटल, बार, ट्याक्सी, बस, ट्रक, ट्याक्टर, निजी विद्यालय, निर्माण व्यवसाय, रिक्सा, जीपको सेवा, सिनेमा हल लाभान्वित हुने भएका हुन् ।

## महिलाहरू आयआर्जनसँग जोडिनु पर्छ -उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**



गण्डकी प्रदेशका उपसभामुख श्रृजना शर्माले महिलाहरू संविधान प्रदत्त हक अधिकारको उपयोग गर्दै आयआर्जनतर्फ लाग्नुपर्ने बताएकी छन् ।

१११ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मर्स्याङ्दी गाउँपालिका एवम् महिला सञ्जालद्वारा संयुक्त रुपमा आयोजित अन्तरकृया कार्यक्रममा उनले सशक्तिकरण कार्यक्रमलाई अघि बढाउनुपर्नेमा जोड दिइन । राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरण आवश्यक रहेको बताउँदै उपसभामुख शर्माले मुलुकबाट सबै खाले हिंसा र गरिबीपनको अन्त्यका लागि उत्पादनसँग जोडिनुको विकल्प नरहेको बताइन ।

गण्डकी प्रदेश सभाले हालसम्म ४६ वटा कानून निर्माण गरेको जानकारी दिँदै उनले कानूनको कार्यान्वयनका साथै आयआर्जनका लागि प्रदेश सरकार जिम्मेवार बन्दै आएको धारणा राखिन । संवैधानिक अधिकार प्राप्त भएपनि महिलाहरू राजनीतिक क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेल्नुपर्नेमा जोड दिँदै उपसभामुख शर्माले क्षमता अभिवृद्धिका साथै समय सापेक्ष नेतृत्व विकास गर्नुपर्ने आवश्यकता औंल्याइन । मर्स्याङ्यादी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले महिला सशक्तिकरणका लागि गाउँपालिकाले जोड दिँदै आएको बताउँदै प्राप्त अवसरलाई भरपुर उपयोग गर्नुपर्नेमा जोड दिइन । गाउँपालिकास्तरीय महिला सञ्जालका अध्यक्ष राममाया गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष होमबहादुर विश्वकर्मा, वेशिसहर नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष प्रवित्रा रानामगर,नेकपाका धनसिंङ तामाङ, नेकाका कृष्णबहादुर गुरुङ, हिरादेवी घले लगायतले मुलुकको समृद्धिका लागि महिलाको भूमिका माथि प्रकाश पारेका थिए । नारी पुरुष सरावरी सधैभरी बरावरी, लैङ्कि हिंसा र दुर्व्यवहार, छैन हामीलाई स्वीकार भन्ने नारा लेखिएका प्लेकार्ड सहितको गाउँपालिकाका छुट्टछुट्टै स्थानबाट निस्केको महिला ऱ्याली भुलभुलेस्थित सभा हलमा सभामा परिणत भएको थियो । सो अवसरमा रेडियो मर्स्याङको मञ्जरी नाट्य समूहद्वारा चेतनामूलक नाटक प्रस्तुत गरिएको थियो ।

## समृद्धिका लागि सहकारीको भूमिका महत्वपूर्ण : मन्त्री तुम्बाहाम्फे

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्री शिवमाया तुम्बाहाम्फेले सहकारीको माध्यमबाट टोल, समाज हुँदै मुलुकलाई समृद्धि बनाउन सकिने बताएकी छन् ।

राष्ट्रिय सहकारी महासङ्घले पोखरामा आयोजना गरेको 'सहकारीमार्फत आर्थिक समृद्धिका लागि प्रदेश तथा स्थानीय तहको भूमिका' विषयक प्रदेशस्तरीय गोष्ठीमा मन्त्री तुम्बाहाम्फेले मुलुकको समृद्धिका लागि सहकारी भूमिका महत्वपूर्ण हुने बताएकी हुन् । उनले सहकारीमा श्रम, शक्ति र पूँजीलाई आर्थिक विकासमा जोडेर अघि बढ्न आग्रह गर्दै आवश्यक परे सहकारी ऐनमा संशोधन गर्न सकिने बताइन । उनले सहकारीमा महिलाको सङ्ख्या बढी देखिए पनि नीति निर्माण तहमा पुग्न धेरै अवरोध देखिएको बताउँदै महिलालाई अर्थपूर्ण सहभागितामा जोड दिएर सामाजिक रुपान्तरणमा समान सहभागिताको उदाहरण देखाउन पनि आग्रह गरिन । कार्यक्रममा प्रतिनिधिसभा सदस्य विद्या भट्टराईले सहकारीले आर्थिक क्षेत्रमा योगदान पुऱ्याएको जनाउँदै अझै महिला र युवाको सहभागिता बढाउन आवश्यक रहेकामा जोड दिइन । प्रतिनिधिसभाका अर्का सदस्य मनकुमारी जिसीले सहकारीले उत्पादनमुखी क्षेत्रबाट आर्थिक रुपान्तरणमा गतिविधिमा जोड दिनुपर्ने धारणा राखिन । गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा गिरीधारी शर्मा पौडेलले 'गण्डकी प्रदेशको समृद्धि र सहकारी अभियान' प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव चन्द्रकला पौडेलले 'दिगो स्थानीय आर्थिक विकासमा प्रदेश तथा स्थानीय तह सहकारीबीचको समन्वय र सहकार्य' विषयक तथा राष्ट्रिय सहकारी महासङ्घका निर्वमान अध्यक्ष केशश बडालले 'दिगो विकास लक्ष्यका लागि स्थानीयकरणमा स्थानीय तह र सहकारी' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

दुई दिनसम्म सञ्चालन हुने सो कार्यक्रममा गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका प्रमुख तथा प्रतिनिधि र प्रमुख प्रकाशकीय अधिकृत, सहकारीका अगुवा गरी करीब २०० जनाको सहभागिता रहेको छ । सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेलका अनुसार प्रस्तुत कार्यपत्रमाथि छलफल गरेर पोखरा घोषणापत्र जारी गरिनेछ ।

सो अवसरमा आदर्श सञ्चार सहकारी संस्थाद्वारा प्रकाशित तथा सञ्चालित धौलागिरि जागरण दैनिक, अग्रसर साप्ताहिक र आदर्श सञ्चार अनलाइनका सहसम्पादक सिर्जना पन्तलाई केशव बडाल सहकारी पत्रकारिता सम्मान २०७७ प्रदान गरिएको थियो । रिलायवल वचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौंले हरेक वर्ष प्रदान गर्दै आएको सो पुरस्कारको राशि रु १५ हजार रहेको छ ।

## कक्षा १० को एसइई जेठ १३ र कक्षा १२ को परीक्षा जेठ २६ देखि

**रासस**
**काठमाडौं, २५ फागुन**

विसं २०७७ को कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ जेठ १३ देखि सञ्चालन हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको मंगलबारको बैठकले एसइई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## डेपुटी गभर्नरमा मिश्र र ढुङ्गाना

**रासस**
**काठमाडौं, २५ फागुन**

सरकारले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा बमबहादुर मिश्र र निलम ढुङ्गानालाई नियुक्त गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले केन्द्रीय बैंकको रिक्त डेपुटी गभर्नरमा मिश्र र ढुङ्गानालाई नियुक्त गर्ने निर्णय गरेको हो ।

यही फागुन १८ गतेदेखि तत्कालीन डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको पदावधि सकिएपछि सो पद रिक्त भएको थियो । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको सिफारिसमा नियुक्त गरिएको हो । नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयका उच्च अधिकारीले डेपुटी गभर्नरद्वयको नियुक्तिको पुष्टि गर्दै नाम भने उल्लेख गर्न चाहनुभएन ।





## शिक्षक आवश्यकता

यस **श्री भद्रकाली माध्यमिक विद्यालय** पोखरा महानगरपालिका वडा नं. १३, कुँडहरको लागि माध्यमिक तहमा विज्ञान विषय अध्यापन गराउन तपसिल बमोजिमको सट्टा शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुनाले योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ ।

**तपसिल**:

**पद : सट्टा शिक्षक**

तह : मा.वि.

विषय : विज्ञान

आवश्यक संख्या : १

न्यूनतम योग्यता :

क) सम्बन्धित विषयमा कम्तिमा द्बितीय श्रेणीमा B.Sc. वा सो सरह उत्तीर्ण ।

ख) अनुभवी व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

करार अबधि : शैक्षिक सत्र २०७८

उमेर : ४० वर्ष ननाघेको

आवेदन शुल्क : रु ५००।- (अक्षरुपी पाँच सय मात्र)

परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अर्न्तवार्ता ।

दरखास्त दिने अन्तिम मिति : २०७७ चैत १ गते, आइतबार बेलुका ३:०० बजेसम्म ।

सेवा तथा सुविधा : नेपाल सरकारको नियमानुसार ।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरू**:

१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३) अनुभवका प्रमाणपत्रको प्रतिलिपी

सम्पर्क मिति : २०७७/१२/०२ गते, सोमबार

परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।

**थप जानकारीका लागि**
**श्री भद्रकाली माध्यमिक विद्यालय**
**पोखरा-१३, कुँडहर**
**फोन नं. ०६१-५३३७८७, ५२०४९८**

# नेपालका महिलाहरुले अधिकार अरु देशका तुलनामा बढी पाएका छन्, महशुस गरेका छैनन् - प्रदेशसभा सदस्य गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

नेपालमा रहेका महिलाले अधिकार अरू देशको तुलनामा बढी नै पाएको तर महसुस नगरेको गण्डकी प्रदेशका प्रदेशसभा सदस्य मित्र कुमारी गुरूङले बताएकी छन्।

१११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवश एवं रेडियो जननी ९०.६ को सातौं वार्षिकोत्सबको अवसरमा सोमबार रेडियोले आयोजना गरेको महिला अधिकार र त्यसको कार्यान्वयनमा स्थानीय सरकारको भुमिका बिषयक अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो।

महिला स्वयं आफै अघि नबढे सम्म महिलाको सशक्तीकरणको सम्भावना न्यून हुने भन्दै उहाँले आफ्नो अधिकारलाई पहिचान गरि घर, समाज र राष्ट्रको प्रमुख स्थानमा आवाज पुर्याउन सक्नु नै महिलाहरूको आजको आवश्यकता रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'आमाको नामबाट नागरिकता बनाउने प्रावदान, ऐन कानुन त छ तर कार्यान्वयन पक्ष भने कमजोर छ।' प्रदेशसभा सदस्य गुरूङले नागरिकता लगायत बिषय स्थानिय तहसँग प्रत्यक्ष सरोकार राख्ने विषय हुँदा वडाको सहजीकरण र समन्वय जरुरी रहेको भन्दै आवश्यक सहयोगको लागि आफुहरु प्रतिवद्ध




रहेको बताउनुभयो। सो कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष एवं कोपिला नेपालका कार्यकारी निर्देशक विना सिलवालले महिला अधिकार र त्यसको कार्यान्वयनमा स्थानीय सरकारको भुमिका बिषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। साथै उहाँले नेपालको संविधानमा उल्लेख भएका महिला अधिकारहरु नागरिकता विषेश, मौलिक हक र कर्तव्य लगाएतका विषयमा प्रस्तुतिकरण राख्नुभएको थियो। यस बर्ष रेडियोले फरक तर पृथक कार्यक्रमको आयोजना गरी महिलाहरूलाई समाजमा अझ परिस्कृत गराउने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको रेडियोका संस्थापक अध्यक्ष हिरा भट्टराईले जानकारी दिनुभयो। कोभिड-१९ को कारणले विगतका बर्ष भन्दा केही परिमार्जित गरी भिन्न कार्यक्रमको आयोजना गरिएको भन्दै महिलाहरूको उद्यमशीलता, स्वतन्त्रता र समानताको अधिकारलाई रेडियोले प्राथमिकता दिईरहेकोसमेत उहाँले उल्लेख गर्नुभयो। कार्यक्रममा आफ्ना भनाई राख्दै वडा नं १६ का अध्यक्ष जिवनप्रसाद आचार्यले महिला र पुरूष समानताका साथ अघि बढेको खण्डमा सुखी नेपाली, समृद्ध नेपालको परिकल्पना साकार हुने बताउनुभयो। पोखरा उद्योग वाणिज्य संघका सदस्य शोभा गौतमले महिलाहरू एकअर्का निम्ति सकारात्मक भई हरेक काममा सहयोग गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दिपेन्द्र श्रेष्ठले महिलाहरू गृहिणी नभई घर व्यवस्थापक रहेको बताउनुभयो।वडास्तरमामहिलाहरूको निम्ति विभिन्न शिर्षकमा वजेट आउने गरेको भन्दै स्वयं आफै गएर वजेटको सदुपयोग गरेमा मात्र महिला सशक्त हुने उहाँको भनाई थियो। सोही कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराईले डिजिटल प्यालटफर्म हाल साना बालबालिकाको लागि लागुपदार्थ जस्तै रहेको भन्दै अभिभावक सचेत हुनुपर्नेमा जोड दिनुभयो। महिला पुरूषको समान पहुँच पुऱ्याउन यस्ता गतिविधि विकट क्षेत्रमा लैजान सुझाव दिदैं उहाँले यसका निम्ति परिषद् सहयात्रा गर्न तत्पर रहेको बताउनुभयो।

सो कार्यक्रममा उपस्थितको तर्फबाट आफ्नो भनाइ राख्दै पर्यटन व्यवसायी हरि भुजेलले राजनितिक, धार्मिक, समाजिक, भाषिक लगायत बिषयमा महिला अब्बल भएर उठ्नु पर्ने भन्दै देशका प्रमुख महिलाहरूमाथि उठेका औंलालाई महिलाहरूले नै खबरदारी गर्न सकेमात्र महिला सक्षम हुने बताउनुभयो। रेडियो जननी ९०.६ का अध्यक्ष सविता शेरचनको अध्यक्षता सम्पन्न सो कार्यक्रमको स्वागत रेडियोका सल्लाहकार एवं संस्थापक शेयर सदस्य लक्की कार्की क्षेत्रीले गर्नुभएको थियो भने रेडियोका सिनियर कार्यक्रम प्रस्तोता जमुना वर्षा शर्माले संचालन गर्नुभएको थियो। कार्यक्रममा पोखराका विभिन्न वडाका वडाअध्यक्ष, महिला प्रतिनिधि, आमा समूह, पर्यटन व्यवसायी साथै विभिन्न संघसंस्थाहरूको उपस्थिती रहेको थियो।

# बगर भाई खलक एट-ए-साइड भेट्रान्स फुटबलमा आयोजक पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

पोखराको प्रतिष्ठित संस्था बगर भाइ खलकको आयोजनामा "चौथो स्वर्गिय रञ्जित गुरुङ स्मृती तथा १० औं बगर भाई खलक भेट्रान्स एट ए साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता" अन्तर्गत आयोजक बगर भाई खलक 'बि' पराजित भएको छ।



पोखराको टुँडी खेल मैदानमा जारी प्रतियोगिता अन्तर्गत दोश्रो दिनको खेलमा आयोजकको 'बि' टिम पराजित भएको हो। पाहुना टोली हेटौडा भेट्रान्स सँगको खेलमा बगर भाई खलक 'बि' १-० गोल अन्तरले पराजित भएको छ। खेलमा आयोजक टिमका तर्फबाट धनु पुरन थकालीले उत्कृष्ट खेल पदर्शन गरे पनि पाहुना टोलीका खेलाडी राजु कार्कीको एक मात्र गोलले आयोजक टिम दोश्रो चरणमा प्रवेश गर्न सकेन। तर उक्त खेलमा उत्कृष्ट खेल पदर्शन गर्ने धनु थकाली म्यान अफ दि म्याच घोषित भए। यसै गरी अन्य खेलमा हेटौडा भेट्रान्स निलो वालिङ भेट्रान्स विरुद्धको खेलमा ३-० गोल अन्तरले विजयी भएको छ। खेलमा २ गोल गर्ने तिर्थ बहादुर याक्सो म्यान अफ दि म्याच भएका छन भने एक गोल निमा लामाले गरेका थिए। त्यस्तै हिमालय क्लब वाटुलेचौरले दिप युनाइटेड क्लवलाई १-० ले पराजित गरेको छ, खेलमा एक मात्र गोल गर्ने रमेश बस्नेत म्यान अफ दि म्याच भएका छन। यस्तै गरी भनिमण्डल भेट्रान्स काठमाडौले वुटवल भेट्रान्सलाई १-०ले पराजित गर्यो। उक्त खेलमा म्यान अफ दि म्याच भएका पाण्डब खत्रीले एक गोल गरेका थिए। सानो गौचरन काठमाडौ र पश्चिम चितवन भेट्रान्स विचको खेलमा सानो गौचरन ४-० ले विजयी भएको छ। उक्त खेलमा शिसिर विक्रम हमालले २ गोल गरेका थिए। हमाल म्यान अफ दिम्याच घोषित भएका छन। प्रतियोगिता अन्तर्गत चार वटा खेलहरु टाइ व्रेकरका आधारमा नतिजा निस्किएको छ। किङ कम काठमाडौ र खुमलटार काठमाडौ विचको खेल निर्धारित समयमा कुनै गोल हुन नसक्दा टाइ व्रेकरमा पुगेको थियो। टाइ व्रेकरमा खुमलटार ६-५ ले विजयी बनेको छ। त्यस्तै वौद्ध भेट्रान्स काठमाडौ र पशुपती भेट्रान्स काठमाडौ विचको खेल निर्धारित समयमा १-१ गोल अन्तरले सकिए पछि टाइ व्रेकरमा पशुपती भेट्रान्स ३-२ गोलले विजयी भएको छ। जोरपाटी भेट्रान्स काठमाडौ र नवलपरासी भेट्रान्स विचको खेल समेत निर्धारित समयमा १-१ गोल हुँदा टाइ व्रेकरमा नवलपरासी ३-२ ले विजयी बन्यो भने मियातान मिया काठमाडौ र वानेश्वर एफसी काठमाडौ विचको खेलमा समेत निर्धारित समयमा गोल हुन नसक्दा टाइ व्रेकरमा मियातान मिया १-० ले विजयी भएको छ। उक्त टिमका किपर सञ्जिव खड्गी म्यान अफ दि म्याच घोषित भएका छन। "स्वास्थका लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागी नौलो आयाम" भन्ने मूल नाराका साथ भएको प्रतियोगीतामा उपाधि विजेताले रनिङ शिल्ड सहित नगद १ लाख ११ हजार १ सय ११ लाख द्वितियले नगद रु. ५५ हजार पांच सय पचपन्न ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यस्तै उत्कृष्ट गोल किप्पर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफी सहित जनही नगद ५ हजार प्रत्येक खेलाडिलाई प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी सहित नगद दश हजार प्रदान गरिने छ। प्रतियोगिता अन्तर्गत बुधबार ८ वटा खेलहरु सञ्चालन हुने प्राविधिक संयोजक खगेन्द्र गुरुङले जानकारी दिएका छन। फागुन २९ गते सम्म सञ्चालन हुने प्रतियोगितामा काठमाडौ, विरगंज, बुटवल, वालिङ र पोखराका गरी २८ टिमको सहभागिता रहेको छ।

# भलिवल प्रतियोगिताको लागि राखेप सदस्य गुरुङद्धारा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

प्रथम हेनरी लेप्टेन नन्द सिंह गुरुङ स्मृति कप महिला तथा पुरुष भलिवल प्रतियोगिता २०७७ लाई सफल पार्न राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले आर्थिक सहयोग गरेका छन्।

प्रतियोगिताको दोश्रो दिनको खेल अवलोकन गर्न कास्कीको माछापुच्छ्रे गाउपालिका स्थित भेडावारी पुगेका सदस्य गुरुङले उक्त प्रतियोगिताको पूर्ण सफलताको कामना सहित ५० हजार रुपैया आर्थिक सहयोग गरेका हुन्। पुरुष तथा महिला तर्फ विजेता टोलीलाई प्रदान गर्ने पुरस्कार राषिमा १०/१० हजार बृद्धि गराएका उनले आयोजना फेरी भेटौला युवा क्लवलाई प्रतियोगिता व्यबस्थापनको लागि भन्दै ३० हजार नगद सहयोग हस्तान्तरण गरेका हुन्। प्रतियोगितामा पुरुष तर्फको विजेता टिमलाई २१ हजार, उपविजेतालाई १६ हजार त्यसै गरी महिला तर्फको विजेतालाई १५ हजार उपविजेतालाई १० हजार दिने घोषणा भएको थियो। तर सदस्य गुरुङले पुरुष तथा महिला तर्फको विजेतालाई १०/१० हजार रुपैया




थप गरेसंगै पुरुष विजेताले ३१ हजार रुपैया र महिला विजेताले भने २५ हजार नगदको साथा ट्रफी मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको हो।

उक्त प्रतियोगितामा पुरुष तर्फ २६ टिम सहभागि भएका छन भने महिाल तर्फ भने ६ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष सन्तोष गुरुङले बताए। क्लवले पन्चेबाजा सहित सदस्य गुरुङ सहितका अतिथि एवं कार्यक्रममा आगन्तुकलाई स्वागत गरेको थियो भने उत्त कार्यक्रममा महिला सहभागिता समेत निकै प्रभावकारी भएकोमा सदस्य गुरुङले महिलाहरुको महान पर्वको अवसरमा हरितालिका जित बिषेश कार्यक्रम जसमा केही खेलकुद कार्यक्रमहरु समेत आयोजना गरे त्यस कार्यक्रमको लागि ५० हजार रुपैया आर्थिक सहयोग उपलब्ध गराउने वचन दिए। भेवाडारीको हिमालयन आमा समुहको भलिवल मैदानको संरक्षण सहित प्यारापिट निर्माणमा स्थानियहरु जुट्न आग्रह गर्दै सदस्य गुरुङले थप सहयोग उपलब्ध गराउन पहल गर्ने जनाए। गाँउ गाउँमा राम्रो खेल्ने खेलाडीहरुलाई आगामी गण्डकी प्रदेशको राजधानि पोखरा सहित प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदमा छनौट गर्न सकिने उनले जनाए। प्रतियोगितामा स्थानिय क्लव देखि पोखरा बागलुङसम्मका क्लवहरुको सहभागिता रहेको क्लवका जापान गुरुङले जनाए।

# कक्षा १० को ...

परीक्षा सञ्चालनको मिति निर्धारण गर्दै जेठ १३ गतेदेखि २४ गतेसम्म परीक्षा सञ्चालन गर्ने निर्णय गरिएको परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक रामराज खकुरेलले जानकारी दिए।

यसअघि गत माघ २६ गते मन्त्रिपरिषद्ले गरेको निर्णयको आधारमा साविककै शैलीमा परीक्षा गर्ने गरी निर्णय गरिएको छ। बोर्डले परीक्षा मिति तय गरेसँगै प्रश्नपत्र निर्माण र परीक्षा केन्द्र निर्धारणको काम द्रुत गतिमा अघि बढाइने भएको छ। कतिपय जिल्लाले परीक्षा केन्द्र निर्धारण गरिसकेको र कतिपय जिल्लामा जारी रहेको बताइएको छ। कोभिड-१९ का कारण पठनपाठन नभएपछि यस वर्ष परीक्षा दुई महिना ढिलो हुने भएको हो। विगतका वर्षमा परीक्षा चैतमा हुँदै आएको थियो। बोर्डले कक्षा १२ को अन्तिम परीक्षा जेठको २६ देखि असार ४ गतेसम्म गर्ने निर्णय गरेको जानकारी दिएको छ।

# चाइनाको हाउजे एनके बाइक अब पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

पोखरेलीहरुले अब चाइनाको हाउजे एनके बाइक चढ्न पाउने भएका छन्।




ए वान मल्टिनेशनल ग्रुप प्रालिले पोखराको नयाँबजारमा उक्त बाइकको शो रुम सञ्चालनमा ल्याएको हो। १ सय ४९.२ सिसि इन्जिन क्षमता रहेको बाइकले शहरी क्षेत्रमा प्रति लिटर ४० किलोमिटर माइलेज दिने गण्डकी प्रदेशको आधिकारिक विक्रेता ए वान मल्टिनेशनलका प्रवन्ध निर्देशक शिवकुमार बाँस्तोलाले जानकारी दिए। शहरि तथा ग्रामिण दुवै क्षेत्रमा उपयुक्त यो बाइक अन्य एक्स एल (डर्ट) बाइकको तुलनामा नेपाली बजारमा सुपथ र सुहाउँदो भएको उनले दावी गरे। बाइकका अन्य विशेषताहरुमा ५ गियर, १२.५ लिटर क्षमताको पेट्रोल ट्याँकि, २ सय २२ एमएम उचाई तथा सुख्खा तौल १ सय ३९ केजी रहेको छ। स्मुथ इन्जिन तथा आवाजका कारणपनि यो बाइकले कोलाहलमुक्त वातावरण सिर्जना गर्ने बाँस्तोलाको भनाई छ। प्रालिले ग्राहकहरुको सुविधाका लागि साटफेर तथा फाइनान्सको व्यवस्था गरेको छ। प्रालिको सर्भिस सेण्टर रहेको छ भने बाइकका सबैखाले पार्टसपनि सहज उपलब्ध हुने हुँदा ढुक्कसंग खरिद गर्न सकिने प्रालिले जनाएको छ। हाल एन.के.१५० मोडलमा आएको एक्स एल बाइकको मुल्य ३ लाख ९५ हजार रुपैयाँ रहेको छ। प्रालिले टेष्ट ड्राइभ समेत खुल्ला गरिसकेको जनाउँदै ग्राहकहरुलाई एकपटक यो बाइकको अनुभवका लागि आग्रह गरेको छ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सम्पूर्ण विश्व तराजुको एकपट्टि र मेरी आमा अर्कोपटिट् हुनुभयो भने विश्वले हार्ने छ। – लर्ड ल्याङडेल

## सम्पादकीय

# नाक छोप्नु नपरोस्

सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को दर्ता खारेज गरेपछि नेकपा एमाले र नेकपा माओवादी केन्द्र छुट्टीएका छन । निर्वाचन आयोगले सर्वोच्च अदालतको फैसला अनुसार नेकपा एमाले र माओवादी केन्द्र एकता पुर्वको अवस्थामा पुगेको जानकारी गराएको छ। केपी शर्मा ओली अध्यक्ष रहेको एमालेलाई सूर्य चुनाव चिन्ह र पुष्प कमल दाहाल अध्यक्ष रहेको माओवादी केन्द्रलाई गोलाकार भित्रको हँसियाहथौडा चुनाव चिन्ह दिएको छ। २०७४ को निर्वाचनमा फरकफरक निर्वाचन चिन्ह लिएर चुनावमा गएका थिए। दुई पार्टीले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र सूर्य चुनाव चिन्ह राखेर दल दर्ता गरेका थिए। नेपाल कम्युनिस्ट पार्टी पहि्ल्यै ऋषि कट्टेलले दर्ता गरेका थिए । निर्वाचन आयोगले सत्ता र शक्तिको आडमा नाम जुधाएर दल दर्ता गरिदिएको कारण नेकपाको दल दर्ता खारेज भएको हो।

अदालतले नेकपाको आधिकारिकता सत्ता र शक्तिको आधारमा होइन सत्यको आधारमा हुन्छ भन्ने देखाएको छ । एमाले र माओवादी केन्द्र एक हुन चाहेमा १५ दिन भित्र निर्वाचन आयोगमा जान सकिने ठाउँ राखिदिएको छ। अदालतले एकता टुटाइ दिएको भनेर आलोचना गर्नुभन्दा फेरि एकता गरेर देखाउनुपर्छ । एकता गर्दा जुन शैलीमा गरिएको थियो त्यो परिपक्व थिएन भन्ने अहिले विभाजन हुँदा धेरैले खुशी मनाएका छन । पार्टी एकता अभियान चलाएका उपाध्यक्ष बामदेव गौतम समेत सर्वोच्चको फैसलाको स्वागत गरेका छन। अध्यक्ष केपी शर्मा ओलीको विरोधमा सडकमै गएका असन्तुष्ट समूह पनि अदालतको फैसलालाई सहजरूपमा लिएका छन। सर्वोच्चको फैसलाबाट निराश बनेको प्रचण्ड पक्षले पनि कार्यान्वयनमा गइसकेको छ। हतारमा पार्टी एकीकरण गरेका दलहरूमा कस्तो समस्या आउँछ भन्ने गतिलो पाठ पनि हो।

राजनीतिक दलको एकीकरण गर्दा सजिलैसँग हुने कार्यान्वयनमा जाँदा धेरै जटिलता आउने गरेको नेकपाको करिब पौने तीन वर्षको उतारचढावले देखाएको छ। एकता एकले अर्कोलाई सिध्याउन मात्र गरेका थिए भन्ने छर्लङ्ग भएको छ । नेपाली जनतामाझ गरेको बाचा सत्ता संघर्षले गर्दा धरापमा परेको छ । स्थिरता र समृद्धिको नारा जनता झुक्याउने नारा थियो । आफ्नो शक्ति र सामर्थ्य भन्दा बढी खोज्दा बहुमतको सरकार गुमाएर मिलिजुली सरकार बनाउने अवस्थामा पुगेका छन। संसदीय प्रणालीका विकृति र विसंगतिलाई फेरि भित्र्याउने पहल भएको छ । नेपाली उखान बाँच्न सके देख्न पाइन्छ भने जस्तै सांसद तानातान, हैसियत भन्दा बढी जिम्मेवारी, किनबेच र स्वार्थ समुहको चलखेल बढ्दैछ। यो अवस्था नआओस भन्ने जानेर नै ताजा जनादेशका लागि प्रतिनिधि सभा विघटन भएको हो । देश विकास र समृद्धिका जनताका आशामाथि तुषारापात भएको छासरकार टिकाउन र भत्काउन खेलिने खेलले संसदप्रति वितृष्णा फैलाउँछ । नयाँ सरकार बनाउन कस्ता गतिविधि हुन्छन् भन्ने पुराना दिन सम्झे पुग्छाविदेशीलाई खेल्न दिने सत्ता र शक्तिका खेलाडीका नाङ्गो नाच नेपालीले देखेर नाक छोप्नुपर्ने छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारिरीक झमेला | धनु | : मानसिक तनाब |
| कर्कट | : आर्थिक समस्या | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**

रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः
९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# जाउँ है पोखरा अभियान सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

पश्चिम नेपाल र पोखरा विच कनेक्टिभिटी विस्तार र पर्यटकीय लाभका लागि आपसी सहकार्यको विषयलाई जोड दिँदै यो बर्षको जाउँ है पोखरा अभियानका कार्यक्रमहरु हालै सम्पन्न भएका छन्।

पश्चिमाञ्चल होटल संघ पोखराको आयोजनामा जाउँ है पोखरा अभियान अन्तर्गत संचालित आन्तरिक पर्यटन पुनःउत्थान तथा पर्यटन प्रबर्द्धन कार्यक्रम पश्चिम नेपालमा सम्पन्न भए। यही फागुन २१ देखि २४ गते सम्म पश्चिम नेपालका नेपालगंज, धनगढी र बर्दियामा स्थानीय व्यवसायी र संचारकर्मीसँग पोखराका होटलकर्मीहरु छलफल र अन्तरक्रियामा जुटेका थिए।

गएको मंसीर २४ देखि २७ गते सम्म पूर्वी नेपालका विभिन्न शहरमा संचालित जाउँ है पोखरा अभियानको दोश्रो संस्करणको रुपमा पश्चिम नेपालमा पनि संचालित प्रबर्द्धन अभियान प्रभावकारी रुपमा सम्पन्न भएको आयोजक संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए । नेपाल पर्यटन बोर्डसँग मिलेर संघले यो अभियान संचालन गरेको हो । पश्चिम नेपालमा आयोजित कार्यक्रममा व्यवसायीले पोखरा पुग्नका लागि नेपालगंज र धनगढीबाट सिधा हवाई उडान हुनुपर्ने र महेन्द्रनगर विमानलस्थललाई समेत संचालनमा ल्याई पोखरासम्म हवाई सेवा संचालन गर्नुपर्ने कुरामा जोड दिएका थिए । गएको फागुन ७ गतेदेखि सिता एयरले हप्तामा दुई दिन पोखरा नेपालगंज रुटमा चार्टर्ड उडान संचालन गर्दै आएको छ।



यस्तो उडानलाई नियमित उडानको रुपमा संचालन गरी दिगो पना दिनुपर्ने विषयमा व्यवसायीले चर्चा गरेका थिए । ४०-४५ मिनेटको यो उडान अन्तर्गत पाँच हजार रुपैयाँमा एकोहोरो यात्रा गर्न सकिने बताइएको छ । तर कोभिड- १९ का कारण विगत लामो समयदेखि नेपाल भारत सिमा नाका बन्द हुँदा भारतीय पर्यटक नेपाल आउन सकेका छैनन्। नाका खुलेमा बुद्ध एयरले समेत नेपालगंजबाट दैनिक पोखरा उडान गर्ने बुद्ध एयरका विनित शाहले बताए। त्यसैले पनि पोखरा र पश्चिमका व्यवसायीले भारतीय सिमा नाका यथासक्य छिटो खोल्न माग गर्दै आएका छन् । होटल ब्यबसायी संघ धनगढीका अध्यक्ष कलम बमले सिमा नाका खोल्ने विषयलाई प्राथमिकता दिनु पर्ने भनाई राखे। यस्तो भएमा पश्चिम नेपाल आईपुग्ने भारतीय लगायत अन्य पर्यटकलाई त्यहाँका व्यवसायीले पोखरा पुऱ्याउने र पोखराका व्यवसायीले पोखरा घुम्न आउने देशीविदेशी पर्यटकलाई पश्चिम पुऱ्याउन सहयोग गरी आपसी पर्यटकीय लाभ लिने विषयमा समेत छलफल गरिएको थियो। तर अहिले पर्यटक आगमन नै नगन्य हुँदा सबै तिरका पर्यटन व्यवसायी समस्यामा परेका छन् । कोभिड-१९ ले थला परेको पर्यटनलाई पुनर्जिवन दिंदै आन्तरिक पर्यटनलाई चलायमान बनाउने उद्धेश्यले प्रबर्द्धन अभियान संचालन गरिएको आन्तरिक पर्यटन पुनःउत्थान समिति गण्डकी प्रदेशका सहसंयोजक समेत रहेका तुलाचनले जानकारी दिए। पश्चिमाञ्चल होटलसंघको सल्लाहकार समितिका संयोजक हरि शर्मा गैह्रेले आन्तरिक पर्यटकको महत्व सरकारले बल्ल बुझ्न थालेको भन्दै पर्यटनलाई अगाडि बढाउन ब्यबसायी विच सहकार्य जरुरी भएको भनाई राखे।

नेपालगंजमा आयोजित कार्यक्रममा बोल्दै क्षेत्रीय होटल संघ नेपालगंजका अध्यक्ष आतिष सम्शेर राणाले कोभिड १९ का कारण होटल क्षेत्र ठूलो मारमा परेको भन्दै पोखरा र पश्चिमका व्यवसायी मिलेर भारतीय पर्यटक लक्षित मुक्तिनाथ दर्शनको प्याकेज विक्री गर्न सकिने प्रस्ताव राखे। नाट्टा बाँकेका अध्यक्ष श्रीराम सिग्देलले नेपालगंज-पोखरा विच हवाई सेवा संचालन आरम्भ हुनु सुखद पक्ष भएको बताए। पर्यटन प्रबर्द्धन मंच बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले दुई शहर विच सुरु भएको हवाई सेवाले सकारात्मक सन्देश दिएको भन्दै यी शहरका व्यवसायी आपसी लाभका लागि हातेमालो गरेर अगाडि बढ्नु पर्ने बताए। कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले निजी क्षेत्रले सरकारको मात्र मुख ताकेर बस्न नहुने भनाई राखे । पश्चिमाञ्चल होटल संघ पोखराका निवर्तमान अध्यक्ष एवं होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले जाउँ है पोखरा अभियानले आन्तरिक पर्यटन प्रबर्द्धनमा ठूलो प्रभाव पर्दै आएको भन्दै पर्यटनलाई थप चलायमान बनाउन कनेक्टिभिटी महत्वपूर्ण हुने भनाई राखे । आपसी सम्बन्ध विस्तारका लागि समेत आफूहरु पश्चिम नेपाल पुगेको उनले सुनाए।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई सुदुर पश्चिमका प्रमुख भोजराज पाठकले हवाई र सडक यातायात पर्यटनका लागि अनिवार्य जस्तै हुने बताए। कन्चनपुरमा आयोजित कार्यक्रममा होटल ब्यबसायी महांघका पर्यटन सचिव एबं पर्यटन पुनःउत्थान समितिका सह-संयोजक परमानन्द भण्डारीले पर्यटन विकासका लागि प्याकेजहरु बनाएर अगाडि बढ्नु पर्ने सुझाव राखे। होटल ब्यबसायी संघ कन्चनपुर अध्यक्ष जगदीशचन्द्र भट्टले शुक्लाफाँटलगायत पर्यटकीय सम्पदाले त्यस क्षेत्रको महत्व बढाएको बताए । उद्योग वाणिज्य संघ कंचनपुरका उपाध्यक्ष हेमराज जोशीले पनि कार्यक्रममा भनाई राखेका थिए । कार्यक्रममा नेपाल पर्यटन बोर्डका सदश्य विप्लव पौडेलको पनि सहभागिता थियो । कार्यक्रमको संचालन पश्चिमाञ्चल होटल संघ पोखराका महासचिव गणेशराज पहारीले गरेका थिए।

# ८३ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा

रासस
काठमाडौं, २५ फागुन

नेपालमा दुई करोड ४७ लाख ३५ हजार जनसङ्ख्याका पहुँचमा इन्टरनेट सेवा पहुँच पुगेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले हालै यहाँ सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको तथ्याङ्क अुनसार मङ्सिर मसान्तका तुलनामा पुस महिनामा तीन लाख ८८ हजार बढी प्रयोगकर्ता थपिएका छन्।

मङ्सिरमा कूल २ करोड ४३ लाख ४७ हजार १५७ जनाको पहुँचमा इन्टरनेट सेवा थियो । कूल जनसङ्ख्यामध्ये ८२ दशमलव ७९ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ । प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ । प्राधिकरणको तथ्याङ्क अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ । गत पुससम्म मोबाइल इन्टरनेटको हिस्सा ६० दशमलव ३४ प्रतिशत छ। एक करोड १२ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ८६ लाख ३४ हजार र एनसेलको २५ लाख ६६ हजार रहेको जनाइएको छ। त्यस्तै फोरजी प्रयोगकर्ता ६६ लाख ८९ हजार १०३ र इभिडियो प्रयोगकर्ता १ लाख ३६ हजार पाँच सय ७३ रहेका छन्।

प्राधिकरणको तथ्याङ्क अनुसार फोरजीको प्रयोगकर्तामध्ये सबैभन्दा धेरै एनसेलका रहेका छन् । गत पुस मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४० लाख ८६ हजार १३९ रहेका छन्। नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २३ लाख ८३ हजार २५६ र स्मार्ट टेलिकमका २ लाख १९ हजार रहेका छन्। यस्तै फिक्स ब्रोडब्याण्डको हिस्सा २१ दशमलव ६८ प्रतिशत छ । यसमा एडिएसएलका ८ लाख ६४ हजार र एफटिटिएच इन्टरनेट ५६ लाख ११ हजार रहेका छन्।

# चर्चित पर्यटकीय गन्तव्य 'अष्ट्रेलियन क्याम्प' अझै सुनसान

– खेमराज गौतम
बागलुङ, २५ फागुन

कुनै दिन पर्यटकले भरिभराउ हुने कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका-६ स्थित अष्ट्रेलियन क्याम्पमा चहलपहल हराएको एक वर्ष भयो।

कोरोना महामारीका कारण थलिएको पोखराको पर्यटन व्यवसाय विस्तारै लयमा फर्कँदै आए पनि अष्ट्रेलियन क्याम्प भने सुनसान छ । फाट्टफुट्ट आन्तरिक पर्यटकबाहेक अहिले हाइकिङ गन्तव्यका रूपमा रहेको चर्चित अष्ट्रेलियन क्याम्प सुनसान भएको अष्ट्रेलियन क्याम्पका पर्यटन व्यवसायी बताउँछन्।

कुनै बेलाको गौचरन ठूलो खर्क अहिले पर्यटनका लागि प्रख्यात भए पनि कोरोनाले समस्या ल्याएको ट्रेकिङ व्यवसायी बताउँछन् । पोखराको फेदीदेखि पदयात्रामार्फत धम्पुस हुँदै अष्ट्रेलियन क्याम्प र अष्ट्रेलियन क्याम्प हुँदै फर्किँदा काँडे आउने पदमार्गको रुट छ तर पछिल्लो समय धम्पुससम्म सडक पुगेपछि धम्पुसबाट एक घण्टाको पदयात्रा गरी अष्ट्रेलियन क्याम्प पुग्न सकिन्छ।

हाइकिङ गरी अष्ट्रेलियन क्याम्प पुगेका पर्यटक आँखै अगाडिको माछापुच्छ्रे हिमाल देखेर मोहित हुने गरेका छन् । कोरोना भयावहका कारण विदेशी पर्यटक आउने क्रम रोकिएपछि अष्ट्रेलियन क्याम्प एक वर्षदेखि सुनसान भएको अष्ट्रेलियन क्याम्पमा २० वर्षदेखि होटल व्यवसाय गर्दै आउनुभएका अष्ट्रेलियन क्याम्प गेष्टहाउस तथा रेष्टुरेण्टका सञ्चालक हरिबहादुर केसीले बताउनुभयो।

"यो स्थान विशेषगरी विदेशी पर्यटकको रोजाइमा पर्दछ, सिजनमा पूरै क्याम्प नै भरिने गरी पर्यटक आउँथे", केसीले भन्नुभयो, "सिजनको समयमा झण्डै दैनिक ३०० विदेशी पर्यटक आउने अष्ट्रेलियन क्याम्प एक वर्षदेखि सुनसान छ।" कोरोनापछि केही आन्तरिक पर्यटक हाइकिङका लागि मात्रै आउने गरेको केसीको भनाइ छ। अष्ट्रेलियन क्याम्पमा झण्डै रु तीन करोड लगानीमा होटल व्यवसाय सञ्चालनमा ल्याउनुभएका उहाँले अहिलेजस्तो सुनसान २० वर्षको अवधिमा कहिल्यै नभएको बताउनुभयो । अहिले होटलमा कामदार छैनन् । परिवारका सदस्यमात्रै पर्यटक कुरेर बस्दै आएका छन् । कोरोनाअघि उक्त होटलमा चार कामदार थिए । अहिले होटलमा पर्यटक आउन छोडेपछि कामदारलाई बिदा दिइएको हो । पन्ध्र वर्षदेखि अष्ट्रेलियन क्याम्पमा माछापुच्छ्रे लज सञ्चालन गर्दै आउनुभएका शिव देवकोटाले अहिले घाँस, दाउरा गरेर समय कटाएको बताउनुभयो। जङ्गलको बीचमा रहेको उक्त क्याम्प निकै मनमोहक छ। क्यापभित्र टेन्टमा बास बस्ने सुविधासमेत छ । टेन्टमा रात कटाउन पर्यटक रुचाउने गरेका छन् । "अहिलेको अवस्था शून्य छ, अब पर्यटक आउने आशा छ", देवकोटाले भन्नुभयो, "पर्यटकलाई लक्षित गरी पालिएको बाख्रा, कुखुरा तथा तरकारी त्यसै छन्, पर्यटक आउँदा खोसाखोस हुन्थ्यो ।" चरिचरन रहेको अष्ट्रेलियन क्याम्पलाई पहिला स्थानीयवासीले ठूलो खर्कका रूपमा चिन्थे। माछापुच्छ्रे र अन्नपूर्ण हिमाल आँखै अगाडि देखिने, मिलेको भूबनोट र प्राकृतिक सौन्दर्यले भरिपूर्ण उक्त ठूलो खर्कमा २० वर्षभन्दा अघि अष्ट्रेलियालीहरूले क्याम्प खडा गरेर बास बसेका कारण 'अष्ट्रेलियन क्याम्प'का नामले चिनिन थालेको हो । समुद्री सतहबाट दुई हजार ५० मिटर उचाइमा रहेको अष्ट्रेलियन क्याम्प अहिले पर्यटकको पर्खाइमा छ।

भौगोलिकरूपमा निकै रमणीय रहेको अष्ट्रेलियन क्याम्पको मुख्य आर्कषक अस्थायी क्याप खडा गरी टेन्टमा बस्नु हो। पहिला पर्यटक आफैँले टेन्ट तथा खानेकुरा लगेर जाने यस स्थानमा पछिल्लो समय होटल सञ्चालन हुनाले केही सहज भएको छ। अन्नपूर्ण तथा मर्दी हिमालको आधार शिविर जाने पदमार्गकै छेउछाउ भएकाले पनि यो ठाउँ निकै प्रख्यात भएको थियो।

यहाँका होटल व्यवसायीले सडक नभएका कारण मानिसलाई बोकाएर खाद्यान्न लैजाने गरेका छन् । यस क्षेत्रमा खानेपानीको भने समस्या छ। विदेशी पर्यटक आउन केही ढिला हुने भएपछि आन्तरिक पर्यटकलाई ल्याउन प्रचारप्रसारजस्ता कार्यक्रम सञ्चालनमा ल्याइएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो । उहाँले कोरोनापछि घान्द्रुकमा आन्तरिक पर्यटक बढेको बताउँदै अष्ट्रेलियन क्याम्पमा पनि नेपाली पर्यटक पुग्न शुरु भइसकेको बताउनुभयो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# प्रभावकारी बन्दै टेलिमेडिसिन सेवा

पोखरापत्र संवाददाता
वालिङ, २५ फागुन

भिरकोट नगरपालिका-८ मा अवस्थित खिलुङ देउराली स्वास्थ्यचौकीले शुरुआत गरेको टेलिमेडिसिन सेवा प्रभावकारी बन्दै गएको छ। कोभिड-१९ को सङ्क्रमणलाई दृष्टिगत गर्दै गत असोजदेखि शुरु गरिएको सेवाले स्थानीयवासी औधि खुशी भएका हुन्।

सेवाअन्तर्गत सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिइँदै आएको स्वास्थ्यचौकीका प्रमुख दीपेश नेपालीले जानकारी दिनुभयो। "ग्रामीण भेगमा रहेका महिलालाई लक्ष गरी टेलिमेडिसिन सेवाको शुरुआत गरेका हौँ", उहाँले भन्नुभयो, "अहिले यो सेवा निकै प्रभावकारी बन्दै गएको छ भने घरमै बसेर पनि सेवा लिन सक्ने अवस्था बनेकाले सहज भएको छ ।" सेवाका लागि भिरकोट र आइपास नेपालबीच सम्झौता छ । नगरभित्र रहेका ५२ महिला स्वास्थ्य स्वयंसेविका र अनमीलाई अभिमुखीकरण गरेपश्चात् गत असोज ६ गतेदेखि टेलिमेडिसिन सेवाबाट सुरक्षित गर्भपतन र परिवार नियोजन सेवाको शुरुआत गरिएको हो । "प्रत्येक वडाबाट महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहने गरी १७ जनालाई छनोट गऱ्यौँ", उहाँले भन्नुभयो, "महिला स्वयंसेविकाहरूसँग गर्भ रहेका महिलाहरूले टेलिफोन, म्यासेन्जर, भाइबर, स्काइपलगायत माध्यमहरूको प्रयोगबाट कुराकानी गर्ने र अनिच्छित गर्भपतन गर्न चाहेमा सुरक्षित गर्भपतन गराउने व्यवस्था मिलाउने कार्य हुँदै आएको छ।"

सुरक्षित गर्भपतन सेवाका लागि सूचीकृत खिलुङ स्वास्थ्यचौकीमा नौ हप्तासम्मको महिलाको मञ्जुरीमा गर्भपतन गर्न पाउने व्यवस्था रहेको छ। "टेलिमेडिसिन सेवा ग्रामीण भेगका महिलाहरूका लागि बढी प्रभावकारी बनेको छ", प्रमुख नेपालीले भन्नुभयो, "स्वास्थ्यचौकीसम्म आउन नभ्याउने वा अझ बढी गोपनीयताका कारण घरबाटै सेवा लिनेहरू बढ्दै गएका छन् भने घरमै बसेर आवश्यक परामर्श पाउने भएकाले पनि सेवाग्राहीहरू निकै खुशी देखिन्छन्।"

सेवा सञ्चालनका लागि नगरपालिकाले अभिमुखीकरण कार्यक्रम, सञ्चार खर्च, महिला स्वयंसेविकाको मासिक खाजा खर्च, गर्भपतन गराउनेहरूका लागि आवश्यक औषधि तथा सामग्री, निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइएको नगर प्रवक्ता दीपेन्द्र केसीले जानकारी दिनुभयो। यसको प्रयोगले सेवाको पहुँच विस्तार र सुनिश्चितता भएको तथा प्रविधिको प्रयोग पनि बढ्दै गएको उहाँको भनाइ थियो।

# तेस्रो डायमण्ड रनिङ शिल शुरु

**विनय पौडेल**
**पोखरा, २५ फागुन**

कास्कीको पोखरा महानगरपालिका वडा नं २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा तेस्रो डायमण्ड रनिङ शिल खेलकुद प्रतियोगिता शुरु भएको छ।



कोरोना महामारी कम भएरविद्यालय सञ्चालन भएपछि विद्यार्थीहरुलाई पढाइको साथसाथै खेलकुदका माध्यमले पनि अगाडि वढाउने उद्देस्यले खेलकुद प्रतियोगिता संचालन गरिएकोविद्यालयका निर्देशक माधव शरण उपाध्यायले बताएका छन्। पोखरा महानगरपालिका वडा नं. २९ का वडा अध्यक्ष चेत बहादुर गुरुङले विद्यालयका खेलकुद शिक्षक विनोद थापालाई बल हस्तान्तरण गरेर खेलको शुभारम्भ गरिएको थियो। कार्यक्रममा बोल्दै, विद्यालयका संस्थापक प्रिन्सिपल यम बहादुर रोका, व्यवस्थापक प्रमुख हरि प्रसाद लामिछाने, शैक्षिक विभाग प्रमुख संजिब थापा लगायतले खेलाडी विद्यार्थीहरुलाई खेलमा उत्कृष्टता देखाउन शुभकामना दिएका थिए।

विद्यार्थीहरुको सहभागिता रहेको कार्यक्रमको उद्घाटनको दिन फुटबल, क्रिकेट खेल खेलाइएको थियो। खेलकुद अन्तर्गत फुटबल, क्रिकेट, भलिवल, टेबल टेनिस लगायतका खेल सिनियर समूहमा खेलाईने वताइएको छ। जुनियर समूहमा अर्को चरणमा खेलकुद प्रतियोगिता गर्ने विद्यालयमा अत्तिरिक्त क्रियाकलाप प्रमुख विकाश लामिछानेले जानकारी दिएका छन्। खेलकुद प्रतियोगिता यहि फागुन २८ गतेसम्म संचालन हुने छ।

# २३ वर्षपछि रातो टीका र पछ्यौरी

**पोखरापत्र संवाददाता**
**दमौली, २५ फागुन**

तनहुँको म्याग्दे गाउँपालिका-३ साउनेपानी निवासी पदममाया थापाले २३ वर्षअघि श्रीमान् गुमाउनुभयो।

श्रीमान् बित्दा उहाँको काखमा पाँच वर्षकी छोरी थिइन् भने कोखमा पाँच महिने छोरा। उहाँलाई सहारा दिने आफन्त कोही थिएनन्। पति गुमाउनुको पीडा एकातिर थियो नै, समाजको हेपाइ पनि उत्तिकै। सङ्घर्षले छोरा छोरी हुर्काउनुभयो, बढाउनुभयो र पढाउनुभयो। अहिले तिनै छोराछोरी पदममायाको सहारा बनेका छन्। श्रीमान्को मृत्युपश्चात् कहिल्यै पनि रातो टीका नलगाएकी उहाँले २३ वर्षपछि निधारमा रातो टीका लगाउनुभयो। साथै रातो पछ्यौरा पनि पहिरिनुभयो। अन्तर ाष्ट्रिय नारी दिवसको अवसरमा म्याग्दे गाउँपालिकाले आयोजना गरेको एकल महिलालाई रातो टीका, रातो पछ्यौरा सम्मानमा सहभागी भएर उहाँले टीका र पछ्यौरी पहिरिनुभएको हो।

गाउँपालिका अध्यक्ष मायादेवी रानाले पदममायालाई रातो टीका र पछ्यौरी ओढाएर सम्मान गर्नुभयो। एकल महिलालाई समाजले हेर्ने दृष्टिकोण फेर्न आफूले रातो पछ्यौरीसँगै रातो टीका लगाएको पदममायाले बताउनुभयो। "मुखले नारी पुरुष बराबरी भने पनि पुरुषप्रधान देशमा नारीहरू अपहेलित भएको अवस्था छ", उहाँले भन्नुभयो, "त्यसैले पनि आज रातो टीका ग्रहण गरेँ।" म्याग्दे-३ धयरेनिवासी अञ्जु आलेले विवाहको चार वर्षमा श्रीमान् गुमाउनुभयो। श्रीमान्को मृत्युपछि भर्खर कलकलाउँदो उमेरमा उहाँको पहिरन फिक्का बन्यो। रातो पहिरन लगाउन मन भए पनि समाजले नराम्रो सोच्ला भन्ने डर थियो। समाज परिवर्तन हुनुपर्छ भन्ने सोचेर अञ्जुले २८ महिनामा रातो पछ्यौरी पहिरिनुभयो। कार्यक्रमको शुरुआतमै गाउँपालिका अध्यक्ष मायादेवी रानाले पनि रातो टीका र पछ्यौरा ग्रहण गर्नुभयो। उहाँलाई आफ्नै साइँली जेठानी सुकमाया राना र काइँली जेठानी विष्णुमाया रानाले रातो टीका लगाएर पछ्यौरी ओढाइदिनुभयो। अध्यक्ष रानाले चार वर्षअघि मात्रै श्रीमान् गुमाउनुभएको थियो। हिन्दू परम्पराअनुसार श्रीमान् गुमाएपछि रातो टीका र पहिरन नै लगाउन हुँदैन भन्ने सामाजिक मान्यता छ। त्यस्तो सामाजिक मान्यता चिर्नका लागि एकल महिलालाई रातो टीका र रातो पछ्यौरा ओढाउने कार्यक्रम गरिएको अध्यक्ष रानाले बताउनुभयो। "यो कार्यक्रम गर्दा कतिले प्रशंसा गरेका छन् भने कतिले आलोचना पनि", उहाँले भन्नुभयो, "ती नकारात्मक कुरालाई पनि ऊर्जामा रूपान्तरण गर्छु।" एकल महिलालाई आत्मनिर्भर बनाउन विविध कार्यक्रम बनाउने पनि रानाले प्रतिबद्धता व्यक्त गर्नुभयो। म्याग्दे गाउँपालिका-४ थर्पु बजारमा आयोजित कार्यक्रममा गाउँपालिकाले १२७ एकल महिलालाई रातो टीका र पछ्यौरीले सम्मान गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

# जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ फागुन**

अन्नपूर्ण-१ दोवास्थित कैलाश माविको भवन जीर्ण बनेको छ। भत्कने अवस्थामा पुगेको भवनमा जोखिम मोलेर पठनपाठन हुने गरेको छ।

विद्यार्थी र शिक्षक त्रसित मनोविज्ञानमा कक्षा कोठामा बस्ने गरेका छन्। बीस वर्षअघि निर्माण भएको कच्ची भवन भूकम्प र पहिराले भत्कने अवस्थामा पुगेको हो। चर्किएको पर्खाल र लच्किएको भवनका कोठामा जोखिम मोलेर पठनपाठन गराउनुपरेको प्रधानाध्यापक शिरबहादुर गर्बुजाले बताउनुभयो। "कक्षा कोठाको अभावले जीर्ण भवनमा जोखिम मोलेर विद्यार्थी राख्नुपरेको हो", उहाँले भन्नुभयो, "विद्यालयमा भएका चारमध्ये दुईवटा पुराना भवन जीर्ण बनेपछि समस्या परेको छ।" विसं २०६० मा ढुङ्गा, माटो र काठको प्रयोग गरेर स्थानीय प्रविधिबाट निर्माण गरिएको नौकोठे भवन जीर्ण छ। त्यसैगरी आधारभूत तहको कक्षा सञ्चालन गरिएको दुईकोठे अर्को भवनसमेत भत्कने अवस्थामा छ। नौकोठे भवनको पर्खाल चर्किनुका साथै बाहिरी भाग बाहिर निस्किएको छ। कक्षा कोठाभित्रै प्वाल परेको छ। जोखिम बढेपछि त्यो भवनमा सञ्चालित कक्षा ९ र १० लाई हालै निर्माण भएको नयाँ भवनमा सारिएको छ। कम्प्युटर प्रयोगशाला पनि नयाँ भवनमा सारिएको छ। अर्को जीर्ण भवनमा कक्षा ३ का विद्यार्थी बसेर पढ्छन्। कक्षा ३ मा नौ विद्यार्थी छन्। नौकोठे पुरानो भवनमा अझै कार्यालय र पाँचवटा कक्षा सञ्चालन गरिएको छ। भिरालो पाखोमा रहेको भवन विसं २०७२ को भूकम्पले चर्किएको थियो।

सामान्य मर्मत गरिएको भवन गत वर्ष जमिन लच्किएपछि पर्खाल चर्किएको हो। जीर्ण भवनका कारण त्रासको वातावरणमा पढ्नुपरेको विद्यार्थीले बताएका छन्। कक्षा १० सम्मको पठनपाठन हुने विद्यालयमा १६५ विद्यार्थी छन्। जोखिम भएकाले हिउँदयाममा चौरमा राखेर पढाइएको छ। बर्खामा कोठाभित्र राखेर पढाउन सक्ने अवस्था नभएकाले विकल्पको खोजीसँगै नयाँ भवन निर्माणमा पहल गरिएको वडाध्यक्षसमेत रहनुभएका व्यवस्थापन समितिका अध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो। "राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको बेनीस्थित जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा)मार्फत हालै चारकोठे नयाँ भवन निर्माण सकिएको छ", उहाँले भन्नुभयो "रु ७० लाख ४० हजारमा सम्झौता भएकामा रु १५ लाखभन्दा बढी भुक्तानी पाउँन बाँकी छ।" यसअघि पनि चारकोठे भवन निर्माण भएको थियो। नयाँ भवन परिसरमा पहिरो रोकथामका लागि गाउँपालिकाको सहयोगमा पर्खाल निर्माण भइरहेको छ। नयाँ भवनका लागि जग्गासमेत सम्याएर राखिएको छ। थप आठ कोठा निर्माण गर्नुपर्ने अध्यक्ष गर्बुजाले बताउनुभयो।




# शिख माविमा छात्रावास भवन निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ फागुन**

जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ स्थित शिख नमूना आवासीय माविको छात्रावास भवन निर्माण सकिएको छ।

ढिलासुस्तीका कारण अधिकांश विकास आयोजना अलपत्र बनिरहेको अवस्थामा अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेको छात्रावास भवन लक्ष्यभन्दा एक महिनाअघि नै सकिएको हो। गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयसँगको साझेदारीमा १० कोठे छात्रावास भवन निर्माण गर्न गत २०७७ असार ५ गते उत्तरगङ्गा निर्माण सेवाले ठेक्का सम्झौता गरेको थियो। निर्धारित समयभित्रै भवन निर्माण सकेर गाउँपालिकालाई हस्तान्तरण गरेको निर्माण सेवाका सञ्चालक कृष्ण बरुवालले बताउनुभयो। "कोरोनाका कारण सबै आयोजनाको ठेक्का सम्झौताको म्याद छ महिना थपिए पनि शिख माविको भवन निर्धारित समयअघि नै सकेर हस्तान्तरण गरेको छु", उहाँले भन्नुभयो, "कोरोनाको जोखिम, लकडाउन, बाढीपहिराको असहज अवस्था भए पनि पर्याप्त मजदुर, उपकरण परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर भवन निर्माण गरिएको हो।"

एकतले भवनमा १० कोठा र सात शौचालय तथा शयनकक्ष छन्। रु एक करोड १० लाख लागत अनुमान गरिएको भवन बनाउन रु ८१ लाखमा ठेक्का लागेको थियो। दोस्रो चरणमा अर्को छात्रावास भवन बनाउन रु एक करोड ९२ लाख लागत अनुमान गरेर आह्वान गरिएको ठेक्का ३०.०२ प्रतिशत घटेर ढोरपाटन निर्माण सेवाले पाएको छ। गाउँपालिकाका इञ्जिनीयर ईश्वरबहादुर भण्डारीले तीनतले ३० कोठे भवन बनाउन लागिएको बताउनुभयो। कम बोलेको ढोरपाटन निर्माण सेवालाई ठेक्का सम्झौताका लागि बोलाएको गाउँपालिकाले जनाएको छ। विसं २०७७ असार मसान्तसम्म भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ। विकट क्षेत्रका बालबालिकालाई विद्यालयमै खानेबस्ने सुविधासहित अध्ययनको व्यवस्था मिलाउने सामाजिक विकास मन्त्रालयको अवधारणाअनुसार आवासीय विद्यालय सञ्चालन गर्न लागिएको हो। गत वर्ष रु ६० लाख पठाएको मन्त्रालयले आवासीय विद्यालयको छात्रावास बनाउन यस वर्ष रु दुई करोड पठाएको थियो। छात्रावासमा घर टाढा भएका विद्यार्थीलाई खानेबस्ने सुविधा हुनेछ।

कक्षा १२ सम्मको पठनपाठन हुने शिख माविमा हाल १८९ विद्यार्थी छन्। आवास सुविधा भएपछि घर टाढा भएका विद्यार्थीलाई सुविधा पुग्नुका साथै कम विद्यार्थी सङ्ख्या भएका विद्यालय गाभ्न सकिने प्रअ केदार कार्कीले बताउनुभयो। नयाँ छात्रावास भवन केही दिनमै प्रयोगमा ल्याउने तयारी गरिएको उहाँले बताउनुभयो।

# सस्तो मूल्यमा औषधि दिँदै बरेङ

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ फागुन**

भूगोलअनुसार स्वास्थ्य संस्था स्थापना गरेको बागलुङको बरेङ गाउँपालिकाले स्वास्थ्य सेवालाई सुलभ, पहुँचयोग्य र उपभोक्तामैत्री बनाउने अभियान थालेको छ।

बिरामीका लागि आवश्यक औषधिको प्रबन्ध टोलटोलमै गरेर गाउँपालिकाले नयाँ अभियान थालेको हो। स्वास्थ्य चौकीमा निःशुल्क पाउने सूचीकृतबाहेक सस्तोमा औषधि उपलब्ध गराउने अभियान गाउँपालिकाले थालेको हो। स्वास्थ्य चौकी तथा एकाइमा औषधि किन्ने व्यवस्था मिलाइएको छ। स्वास्थ्यचौकीमा नपाइने औषधि खरीदका लागि बिरामी तथा उनीहरूका आफन्त टाढा रहेका निजी मेडिकल पसलमा जानुपर्ने बाध्यता अन्त्य गर्न अभियान शुरु गरिएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो।

बिरामीको सुविधालाई ध्यानमा राखेर अङ्कित मूल्यभन्दा दश प्रतिशत छुटमा औषधि किन्ने सुविधा थप गरेको स्वास्थ्य शाखाप्रमुख पदम पुनले जानकारी दिनुभयो। औषधि खरीदका लागि गाउँपालिकाले प्रत्येक स्वास्थ्य संस्थालाई पहिलोपटक एक लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ। सेवाग्राही बढी भएको तर नजीकमा निजी मेडिकल नभएको क्षेत्रमा यस वर्ष उक्त सेवा थप हुनेछ। पुनका अनुसार बरेङ गाउँपालिकाको सुखौरा, सल्यान स्वास्थ्यचौकी र साग्दी सामुदायिक स्वास्थ्य एकाइमा यस वर्ष औषधि व्यवस्थापन गरिनेछ। सुखौरामा उक्त सेवा शुरु गरिएको छ। अन्य स्वास्थ्य संस्थामा क्रमशः सेवा थप गर्दै जाने उहाँले बताउनुभयो।

स्वास्थ्य चौकीमा प्राप्त हुने ३८ प्रकारका औषधिबाहेक अन्य खरीद गर्नु परे स्वास्थ्य संस्थाले नै सस्तो मूल्यमा औषधि बिक्री गर्ने व्यवस्था छ। जसका कारण बिरामीलाई राहत हुने गाउँपालिकाको विश्वास छ। उक्त औषधि बिक्रीको छुट्टै आम्दानी खाताको व्यवस्थापन गरेको स्वास्थ्य शाखाप्रमुख पुनको भनाइ छ। सल्यान र बाटाकाचौरको उपल्लो क्षेत्रका नागरिकलाई लक्षित गरी साग्दी सामुदायिक स्वास्थ्य एकाइमा नमूनाका रूपमा कार्यक्रम विस्तार गरिने गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले सबै स्वास्थ्य संस्थामा आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गरिने पुनको भनाइ छ। यसअघि गाउँपालिकाले धुल्लुबाँस्कोटको लुगरुङ र गंडेल, हुग्दिसिरको बराहकोट, बाटाकाचौरको साग्दी, सल्यानको थप्लुङमा सामुदायिक स्वास्थ्य एकाइको स्थापना गरेको थियो।

# चार महिनाभित्र 'उज्यालो तनहुँ'

**पोखरापत्र संवाददाता**
**तनहुँ, २५ फागुन**

जिल्लालाई आगामी चार महिनाभित्र अन्धकारमुक्त बनाउने लक्ष्य राखिएको छ।

विद्युत् विस्तारका लागि डेढ वर्ष प्रोजेक्ट शुरु भए पनि बाढीपहिरो र कोरोनाका कारण सम्झौताअनुरुप काम गर्न नसकिएपछि पुनः चार महिनाभित्र उज्यालो तनहुँ बनाउन लागिएको हो। जिल्लाको ऋषिङ गाउँपालिका-१ स्थित झापुटारमा १४० मेगावाट क्षमताको विद्युत् उत्पादन गर्न लागेको तनहुँ जलविद्युत् आयोजनाद्वारा प्रभावित भएका क्षेत्रमा विद्युत् विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

जिल्लाको देवघाट गाउँपालिका-२ अन्तर्गत खाल्टे, कोटबैदी, छिपछिपे, जामडाँडा, नराङ्गा, थामडाँडालगायत क्षेत्रमा अझै विद्युत् लाइन विस्तार गर्न बाँकी छ। यही फागुनमा सम्झौता अवधि समाप्त भइसकेको आयोजना व्यवस्था निर्देशनालयवितरणप्रणालीसुदृढीकरण तथा विस्तार (तनहुँ विद्युतीकरण आयोजनाका) साइड इञ्चार्ज लक्ष्मणप्रसाद रेग्मीले बताउनुभयो। सडकको पहुँच नपुगेका कारण सामान ढुवानीमा कठिनाइ भएकाले सम्पूर्ण सामान मानिसले नै बोकेर लैजानुपर्ने भएकाले तोकिएको अवधिमा काम गर्न गाह्रो भएको जनाइएको छ। आयोजनाले विद्युत् लाइन विस्तार गर्नुपर्ने अधिकांश क्षेत्रमा लाइन जडान सम्पन्न गर्दै बत्ती बाल्न शुरु गरिएको उहाँले जानकारी दिनुभयो। जिल्लाको आँबुखैरेनी-६ स्थित भलडाँडामा ११ केभी प्रसारण लाइन निर्माण गरी केन्द्रीय प्रसारण लाइनमा जोडेर विद्युत् विस्तार गरिएको छ। विद्युत् लाइन जडान पश्चात करीब ६० घरधुरीका बासिन्दा लाभान्वित भएका छन्। त्यसैगरी घिरिङ गाउँपालिका-४ अन्तर्गत गड्यौलीटार र वनटारका गरी २५० घरधुरी लाभान्वित भएका छन्। देवघाट गाउँपालिका-१ को कालीटार, कोटा, गोपीटार र देवघाट-५को साउने पानीमा ट्रान्सफरमा क्षमता वृद्धि गरी विद्युत् जडान गरिएको छ।

विद्युत् जडानपश्चात् त्यस क्षेत्रका करीब ५०० घरधुरी लाभान्वित भएका छन्। बन्दीपुर गाउँपालिका-६ स्थित सराङघाट र घिरिङगाउँपालिका-४ को सामुङमा कूल रु तीन करोड बढीको लागतमा सव-स्टेशन निर्माण गरिएको बताइएको छ। घिरिङ गाउँपालिकाको अन्य क्षेत्रमा बिजुली पुगे पनि गड्यौलीटार, वनटारमा पुर्‍याउन नसकिएकाले केही समयअघि मात्रै विद्युत् जडान गरिएको छ। नेपाल विद्युत् प्राधिकरण तनहुँको कार्यक्षेत्रभित्र रहेका करीब ९५ प्रतिशत क्षेत्रमा विद्युत् पहुँच पुगिसकेको प्राधिकरणका सूचना अधिकारी लोकेन्द्रबहादुर कुवँरले जानकारी दिनुभयो। विद्युत् प्राधिकरण तनहुँबाट मात्रै करीब ३६ हजार घरधुरीमा विद्युत् लाइन विस्तार भइसकेको प्राधिकरणले जनाएको छ। सामुदायिक विकास कार्यक्रमअन्तर्गत आयोजनाले प्रभावित भएका घरपरिवारलाई पहिलो स्थानमा राखेर विकास भइरहेको तनहुँ जलविद्युत् आयोजनाले जनाएको छ। ग्रामीण क्षेत्रका सबै घरधुरीमा बिजुली विस्तारको लागि विद्युत् पोल गाड्ने, लाइन विस्तार र सव-स्टेशन निर्माणलगायतका कार्य द्रुतगतिमा अघि बढाइएको लाइन निर्माण कम्पनी इष्ट इण्डिया उद्योग लिमिटेडका साइड इञ्चार्ज रोशनकुमार भट्टले बताउनुभयो।

विसं २०६८ को जनगणनाअनुसार तनहुँको जनसङ्ख्या तीन लाख २३ हजार २८८ रहेको छ। जसमा ७८ हजार ३०९ घरधुरी रहेका छन् भने दुई हजार ३६२ बस्तीमा छरिएर रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ